# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

मन्त्रालय र मातहतसमेत ८५ निकायको यो वर्ष विनियोजन रु. १ अर्ब ८४ करोड ३३ लाख, राजस्व रु.४० लाख, धरौटी ७० लाख र अन्य कारोबार ९६ करोड ९० लाखसमेत रु.२ अर्ब ८२ करोड ३३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समिति ९० को रु.५७ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१ **अनुगमन -** समाज कल्याण परिषद्को भोगचलनमा रहेको भृकुटीमण्डप, दुवाकोट र बाल्मीकी क्याम्पसको पूर्वपट्टि रहेको ६५७ रोपनी जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त गर्नुपर्ने, खुलामञ्चबाट २०४९ मा तीन महिनाका लागि भृकुटीमण्डपमा सारिएका व्यापारीलाई सो स्थानबाट अन्यत्र व्यवस्था मिलाउने, बूढानीलकण्ठ र भृकुटीमण्डपमा भएको जग्गा, भवनको ठेक्का बन्दोबस्त गरी बहालमा लगाउने र बहाल कर रु ७१ लाख ९५ हजार दाखिला गर्नुपर्ने, ६३१ गैरसरकारी संस्थालाई रु.२३ अर्ब ५३ करोड ४८ लाख र ५९ अन्तराष्ट्रिय गैरसरकारी संस्थालाई रु.८ अर्ब २३ करोड १४ लाखको कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिएकोमा राष्ट्रिय प्राथमिकताको क्षेत्रमा परिचालन गर्नुपर्ने, अर्थ मन्त्रालयको स्वीकृति लिई वैदेशिक सहयोग प्राप्त गर्ने र केन्द्रीय बालकल्याण समितिको कोष व्यवस्थापन, लेखा र लेखापरीक्षणसम्बन्धी व्यवस्था मिलाउनुपर्ने लगायतका व्यहोरा विगत प्रतिवेदनमा समावेश भएकोमा सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनुपर्दछ ।

२ **अनुदान वितरण -** यो वर्ष २३३ संघ/संस्थालाई १६ करोड ६५ लाख २५ हजार अनुदान वितरण गरेको मध्ये १० संघ संस्थालाई मात्र रु. ६ करोड ९ लाख अनुदान वितरण गरेको छ । मन्त्रालयको कूल खर्च रु. १ अर्व ८० करोड ७७ लाख मध्ये रु. १६ करोड ६५ लाख ९.२१ प्रतिशत अनुदान उपलव्ध गराएको छ । लेखापरीक्षणको क्रममा अनुदान प्राप्त केही संस्थाको स्थलगत अनुगमन तथा मन्त्रालयको अनुगमन प्रतिवेदनबाट निम्न व्यहोरा देखिएको छ :

२.१ एक संस्थाले उपत्यका बाहिरका समेत दश जिल्लामा महिला नेतृत्व विकास तालिम सञ्चालन गर्नका लागि रु. १० लाख अनुदान प्राप्त गरेकोमा काठमाडौँमा कार्यक्रम सम्पन्न गरेको देखियो । सम्झौता बमोजिम अनुदान परिचान गर्नुपर्दछ ।

२.२ एक प्रतिष्ठानले यस मन्त्रालयबाट रु.९ करोड १ लाख, स्वास्थ्य मन्त्रालयबाट रु. १० लाख र सैनिक कल्याणकारी कोषबाट रु. २ करोड ९८ लाख समेत रु १२ करोड ९ लाख अनुदान प्राप्त गरी जेष्ठ नागरिक आवास गृह निर्माण गरेको छ । २०७१ फाल्गुणबाट सो आवास गृह सञ्चालन गर्नुपर्नेमा हालसम्म सञ्चालनमा आएको छैन । उद्घाटन गरिसकेको जनाएको उक्त आवास गृह सञ्चालनमा ल्याउनुपर्दछ ।

२.३ एक संस्थालाई जेष्ठ नागरिक आवास गृह निर्माण गर्न २०७१।७२ देखि हालसम्म रु.६ करोड १ लाख अनुदान उपलब्ध गराएकोमा भुकम्पबाट निर्माणाधिन संरचनामा थप निर्माण कार्य सञ्चालन गर्न उपयुक्त नहुने भनी २०७२।३।२० मा शहरी विकास तथा भवन निर्माण विभागले प्रतिवेदन दिएकोमा पनि मन्त्रालयले थप रु. १ करोड उपलब्ध गराएको छ । हालसम्म उपलब्ध गराएको रकमको सम्बन्धमा छानवीन गरी खर्च हुन नसकेको अनुदान रकम फिर्ता प्राप्त गर्नुपर्दछ ।

२.४ अपाङ्गताका क्षेत्रमा कार्यरत विभिन्न संस्था र राष्ट्रिय अपाङ्ग कोषलाई सहायक सामग्री उत्पादन र मर्मत सम्भार गर्न २०६९।७० देखि हालसम्म रु. २ करोड ९ लाख उपलब्ध गराएको पाइयो । निजी क्षेत्र तथा अन्य गैरसरकारी संस्थाबाट सामग्री उत्पादन र मर्मत सम्भारको गुणस्तर निर्धारण मानक हालसम्म तयार भएको देखिएन ।

३ **धर्मपुत्र-धर्मपुत्री -** मन्त्रालयवाट अन्तरदेशीय धर्मपुत्र-धर्मपुत्री विकास समिति गठन आदेश, २०६७ निर्माण गरी २०६७।१०।६ बाट अन्तरदेशीय धर्मपुत्र-धर्मपुत्री विकास समिति सञ्चालनमा रहेको छ । कन्भेन्सन अन प्रोटेक्सन अफ चिल्ड्रेन एण्ड कोअपरेशन इन रेस्पेक्ट अफ इन्टरकन्ट्री एडप्शन, १९९३ मा २०६८ बैशाखमा नेपालले हस्ताक्षर गरेतापनि उक्त सन्धि अनुमोदन भएको छैन ।

४ **स्वयंसेवा अनुमति -** समाज कल्याण नियमावली, २०४९ को नियम ७ मा अन्तर्राष्ट्रिय सामाजिक संघ, संस्था वा विदेशी गैरसरकारी संघसंस्थाका प्रतिनिधि, विशेषज्ञ, स्वयंसेवकलाई नेपालमा काम गर्न सेवा अनुमति एवं प्रवेषाज्ञाका लागि सिफारिश गर्न सक्ने व्यवस्था छ । समाज कल्याण परिषद्बाट २०७०/७१ देखि २०७२/७३ सम्म ९ सस्थाका १० स्वयंसेवकको प्रवेषाज्ञाका लागि निर्णय भएकोमा प्राप्त विवरण अनुसार ६२ संस्थाले विदेशी स्वयंसेवक परिचालन गरेको पाइयो । यसमा कानुन बमोजिम नियमन गर्नुपर्दछ ।

५ **कारोबारको प्रस्तुति -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ मा तोकिएको म्यादभित्र वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र आर्थिक वर्षको केन्द्रीय लेखाको आर्थिक विवरण अन्तिम लेखापरीक्षणको लागि महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । केन्द्रीय बालकल्याण समितिले २०७१।७२ र २०७२।७३ मा वैदेशिक सहायता स्वरुप रु.२२ करोड ६२ लाख प्राप्त गरेकोमा लेखापरीक्षणको लागि स्रेस्ता पेश गरेको छैन । प्राप्त वैदेशिक सहायताको लेखापरीक्षण गराउनुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छः

  - मन्त्रालय र मातहतसमेत ३२ निकायमा यो वर्ष रु.३१ करोड ४० लाख १६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु १ लाख १ हजार फछ्र्यौट गरेकोले रु ३१ करोड ३९ लाख १५ हजार बाँकी रहेको छ । सोमध्ये रु ४.करोड १५ लाख ८४ हजार पेश्की बाँकी रहेको छ ।

  - अन्य संस्था ४ तर्फ यो वर्ष रु १० करोड १ लाख ५ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.२२ लाख २ हजार पेश्की बाँकी रहेको छ ।